# सङ्कथनको सन्दर्भपरक अर्थ निर्धारणका आधार

■ **डा. भुवन न्यौपाने**
नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल
Email : dr.bhubanneupane@gmail.com
DOI : https://doi.org/10.3126/ss.v10i1-2.68626

## सार

*सङ्कथनको सन्दर्भपरक अर्थ निर्धारणका आधार शीर्षकको प्रस्तुत लेखमा सङ्कथनभित्र रहने पाठीय र पाठेतर सन्दर्भमाथि प्रकार्यपरक दृष्टि दिइएको छ । पाठमा सन्दर्भ र पाठ एकै पटक आउने हुँदा यसको सन्दर्भपरक प्रकार्यलाई यस लेखमा वर्णन गरिएको छ । संयुक्तिगत अर्थ सन्दर्भतासँग सम्बन्धित हुन्छ र वक्ता वा लेखकको आशयपरक शक्तिसँग संयुक्ति सम्बन्धित हुन्छ भन्ने विषयमा केन्द्रित भई यो अध्ययन गरिएको छ । यस अध्ययनमा सन्दर्भताबाट संयुक्तिको निर्धारण कसरी हुन्छ भन्ने मूल प्रश्नको समाधान खोजिएको छ । पाठको आफ्नो सन्दर्भ हुने र सन्दर्भको धारबाट पाठको अर्थ प्राप्त भई पाठ संयुक्तिपूर्ण हुने कुरालाई सैद्धान्तिक स्तरमा विभिन्न दृष्टिका साथ विमर्श भएको पाइए तापनि यस अध्ययनमा प्रकार्यपरक तथा प्रयोगार्थपरक दृष्टिलाई आधार बनाई विमर्श गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा पुस्तकालयबाट प्राप्त सामग्रीका आधारमा वर्णन गरी संयुक्तिको आधार सन्दर्भ भएको कुरालाई पुष्टि गरिएको छ ।*

**शब्दकुञ्जी :** *पूर्वधारणा, प्रकार्य, विचारधारा, सङ्कथन, सन्दर्भता, संसक्ति, संयुक्ति ।*

## परिचय

कुनै सन्दर्भमा आशयसहित वा सन्देशसहित आएको सुशृङ्खलित पाठ नै सङ्कथन हो । सङ्कथनको निर्माण असान्दर्भिक र असम्बन्धित वाक्यहरूको सङ्कलनबाट नभएर सन्दर्भित र सम्बन्धित वाक्यहरूको सुशृङ्खलाबाट बन्छ । संसक्तिगत बन्धन र संयुक्ति व्यवस्थाबाट वास्तवमा एउटा पाठले आकार पाउने हुनाले संसक्ति (Cohesion) र संयुक्ति (Coherence) लाई पाठको अर्थ निर्धारणको संयन्त्रका रूपमा अर्थ्याउन सकिन्छ । संसक्तिलाई पाठको बाह्य संरचनामा आउँछ भने संयुक्ति पाठको आन्तरिक तहमा रहन्छ । सङ्कथनमा एकातर्फ पाठ रहन्छ र अर्कोतर्फ सन्दर्भता रहन्छ । संसक्तिगत अर्थ संरचनासँग सम्बन्धित हुन्छ भने संयुक्तिगत अर्थ सन्दर्भतासँग सम्बन्धित हुन्छ । वास्तवमा सन्दर्भताबाट नै संयुक्तिको अर्थ निर्धारण हुन्छ । सङ्कथनको सम्बन्धन व्यवस्थाको संयन्त्रमा एकातर्फ पाठ र अर्कोतर्फ सन्दर्भता रहन्छ रसम्बोधक वा लेखकको विचार, धारणा वा सिद्धान्तलाई पाठक वा स्रोतासम्म विन्यस्त गर्ने, पुऱ्याउने या जोड्ने माध्यम नै संयुक्ति हो । त्यसैले यसले निश्चित सन्दर्भमा सहभागीहरूको भूमिकालाई निर्धारण गर्दछ । संयुक्तिका लागि संसक्तिको आवश्यकता पर्छ वा पर्दैन भन्ने विषयमा निकै छलफल भएको पाइन्छ । कतिपय अध्येता संसक्तिबाट नै संयुक्ति निर्धारण हुन्छ भन्दछन् त कतिपय संसक्ति नभइकन पनि संयुक्ति हुन सक्छ भन्दछन् । सङ्कथनमा

पाठपरक चिह्न वा संसक्तिगत बन्धन नभएर पनि संयुक्ति कायम रहन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि उत्पन्न हुन्छ । कतिपय पाठ (अक्सर विज्ञापन, कविता आदि) लाई हेर्दा पाठपरक भाषिक सम्बन्ध नदेखिए पनि सन्दर्भले पाठको अर्थलाई व्युत्पन्न गरेको पाइन्छ । पाठ एउटा विधा पनि हो, यो एउटा सङ्कथन पनि हो र प्रत्येक पाठमा विषयवस्तु, विचार, स्वर र शैली निहित भएका हुन्छन् । यी चार पक्ष कुनै पनि विधाका पाठीय र पाठेतर सन्दर्भमा स्वाभाविक रूपमा नै घुलमिल भएर रहेका हुन्छन् । त्यसैले सन्दर्भका विभिन्न आयामहरूबाट नै पाठको अर्थ निर्धारण हुन्छ । यस अध्ययनको पृष्ठभूमिलाई हेर्दा चेक संरचनावादी र रसियन रूपवादीसम्म पुगिन्छ । यसै पृष्ठभूमिमा बेलायती प्रकार्यवादी जे.आर. फर्थ, एम. ए. के. ह्यालिडे र रुकैया हसनले यस प्रकार्यपरक दृष्टिकोणलाई अघि बढाएका छन् । ह्यालिडे र हसन (सन् १९७६ र १९९१), लेभिन्सन (सन् १९८३), ब्राउन र युले (सन् १९८३), लक (सन् २००४) आदिले अध्ययन गरेको पाइन्छ । नेपालीमा पौड्याल (२०६५), गौतम (२०६८), न्यौपाने (२०६९), ढकाल (२०८१ ⁄ सन् २०२४)का अध्ययनमा प्रकार्यपरक दृष्टिकोणका आधारमा पाठको संयुक्तिका विषयमा एक तहमा अध्ययन गरिएको पाइन्छ । यद्यपि यसलाई संयुक्तिको आधारका रूपमा थप सैद्धान्तिक विमर्श तथा प्राज्ञिक बहस गर्नुपर्ने आवश्यकता देखिएकाले यो लेख औचित्यपूर्ण रहेको छ । यसर्थ बाह्य सन्दर्भ र परिस्थितिगत सन्दर्भलाई पाठको अर्थ निर्धारण तथा पाठको संयुक्तिको प्रमुख आधारका रूपमा स्थापित गर्नु यस लेखको मुख्य उद्देश्य हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो । यस अध्ययनमा प्रकार्यपरक तथा प्रयोगार्थपरक दृष्टिकोणका आधारमा सङ्कथनको सन्दर्भपरक अर्थका विषयमा सैद्धान्तिक विमर्श गरिएको छ । यसमा तथ्यसङ्कलनका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरी प्राप्त सामग्रीलाई आधार बनाएर मूल समस्याको समाधान खोजिएको छ । प्रयोगार्थपरक दृष्टिकोणका साथ यस अध्ययनमा सन्दर्भलाई संयुक्तिको मुख्य आधारका रूपमा प्रस्तुत गरिएको छ । यो अध्ययन वर्णन र विश्लेषणमा आधारित छ । यस अध्ययनमा निगमनात्मक ढाँचालाई अवलम्बन गरिएको छ । यसमा सैद्धान्तिक सङ्कल्पनालाई वर्णन र विश्लेषणका आधारमा पुष्टि गर्ने काम भएको छ । यस अध्ययनमा ह्यालिडे र हसन (सन् १९७६ र सन् १९९१) ले प्रस्तुत गरेको प्रकार्यपरक अवधारणालाई अवलम्बन गरिएको छ । सन्दर्भता वा बाह्य सन्दर्भ र परिस्थितिगत सन्दर्भका तहमा पाठको गर्न सकिने हुँदा यिनै मूल उपशीर्षकमा अध्ययन केन्द्रित रहेको छ ।

## सन्दर्भता (Contextuality)


चेक भाषाविद्हरूले सञ्चार प्रक्रियामा सन्दर्भको महत्त्वलाई निकै जोड दिन थालेपछि यसका विषयमा धेरैको ध्यान केन्द्रित हुन पुग्यो । सन्दर्भताको प्रस्ट व्याख्या गर्ने काम मेलिनोवोस्कीबाट भएको हो र यसलाई भाषाविज्ञानमा प्रयोग गर्ने काम जे.आर.फर्थले गरेका हुन् (ह्यालिडे र हसन, १९९१, पृ. ६) । पछि यसै आधारमा ह्यालिडेले *परिस्थितिगत सन्दर्भ*को व्याख्या गरेको पाइन्छ । *सामाजिक सन्दर्भता*बाट सङ्कथनको अर्थ निर्धारण हुने फर्थको धारणालाई भाषाविज्ञानका क्षेत्रमा फर्थका शिष्य ह्यालिडेले पछ्याएका हुन् । फर्थले तर्कशास्त्रीहरूका विचारलाई खण्डन गर्दै सम्बोधक र सम्बोधितका बिचको सन्दर्भलाई जोड दिए । शब्दले अर्थ दिन्छ भन्ने तर्कशास्त्रीले व्याख्या गर्ने आधार त्रुटिपूर्ण रहेको उनले पाए । सहभागीको सन्दर्भले सञ्चार प्रक्रियामा प्रभाव पार्ने उनको धारणा रह्यो । ह्यालिडेले सामाजिक सन्दर्भताका आधारबाट भाषिक

चिह्न व्यवस्थाको प्रकार्यपरक विश्लेषण गरेका छन् । यिनले परिस्थितिगत सन्दर्भ र *सांस्कृतिक सन्दर्भ*लाई फरक किसिमबाट व्याख्या गरेका छन् । उनले परिस्थितिगत सन्दर्भलाई पाठको परिस्थितिगत वातावरणमा उपस्थित हुने घटक मानेका छन् भने सांस्कृतिक सन्दर्भलाई व्यापक सन्दर्भमा व्याख्या गरेका छन् र यसैमा नै परिस्थितिगत सन्दर्भ पनि अन्तर्निहित हुन्छ भन्ने उनको धारणा छ (लक, २००५, पृ.१९) । सामाजिक तथा सांस्कृतिक सन्दर्भताबाट नै पाठको अर्थ निर्धारण हुने ह्यालिडेको पनि धारणा रहेको पाइन्छ ।

सन्दर्भतालाई बाह्य सन्दर्भ पनि भन्न सकिन्छ । यसलाई प्रकार्यवादी, प्रयोगार्थवादी, सङ्कथनवादी आदिले आआफ्नै किसिमले व्याख्या गरेका छन् । सबैजसोले नै यसलाई सामाजिक सन्दर्भले सहभागीहरूको भाषा प्रयोग तथा सञ्चारमा प्रभाव पर्ने धारणालाई स्वीकार गरेका छन् । सामाजिक तथा सांस्कृतिक सन्दर्भबाट नै लेखक-पाठक, वक्ता-स्रोताका बिचमा *साझा ज्ञान* (सेयर नलेज)को विकास हुन्छ र *पूर्वधारणा*का आधारमा पाठको सन्देश प्राप्त हुन्छ (कटिङ, २००८, पृ.२) । सन्दर्भभन्दा बाहिर रहेर पाठको सन्देश प्राप्त हुन सक्दैन । त्यसैले सन्दर्भता यस्तो समाज मनोवैज्ञानिक तत्त्व हो जसका सहायताबाट पाठको अर्थ ग्रहण गर्न सकिन्छ । सङ्कथनमा अर्थ व्यक्त गर्न र आशय प्रकट गर्नका लागि लेखक तथा वक्ताका माध्यमबाट भाषालाई उपकरणका रूपमा लिई सन्दर्भताकै सम्प्रेषण गरिन्छ (ब्राउन र युले, १९८३, पृ.२६) । समग्रमा भन्दा पाठको अर्थ नै सन्दर्भता हो । भाषाको प्रयोग सन्दर्भताबाट पृथक हुन सक्दैन । फर्थले सहभागीको सम्बन्ध, हेतुत्व/कर्मत्व सम्बन्ध, कथन क्रियाको प्रभाव/असर जस्ता तीन तहमा परिस्थितिगत सन्दर्भ निर्भर हुने कुरा जनाएका छन् (ब्राउन र युले १९८३, पृ.३७) । सहभागीको सम्बन्धले सहभागीको व्यक्ति तथा व्यक्तित्वका आधार नै सामाजिक चर हो भन्ने कुरा निर्दिष्ट हुन्छ र यो सहभागीको कथन क्रिया र अकथन क्रिया अन्य गतिविधिमा प्रकट हुन्छ । सहभागीको व्यक्तित्वगत सम्बन्धका आधारमा नै कसले, कसलाई, के विषयमा, कसरी र किन सन्देश दिएको छ भन्ने कुराको सरणि बन्दछ ।

भाषिक प्रकार्यमा फर्थले उल्लेख गरेको उक्त धारणाले पाठको सन्दर्भता बुझ्न सघाउ पुग्दछ । हाइम्सले पनि फर्थले जस्तै सम्बोधक र सम्बोधितको भूमिकाका आधारमा सन्दर्भताको अभिलक्षण माथि जोड दिएका छन् । उनले शीर्षक (टपिक), पृष्ठभूमि (सेटिङ), सरणि (च्यानल), संहिता (कोड), उद्देश्य (इन्ड), सहभागी (पार्टिसिपेन्ट्स) आदि बताएका छन् (ब्राउन र युले,१९८३, पृ.३८) । हाइम्सले यसलाई *SPEAKING* मोडेलका रूपमा व्याख्या गरेका छन् । *S* भनेको पृष्ठमभूमि हो र यस अन्तर्गत परिवेश र दृश्य पर्दछन् । *P* भनेको सहभागी हो र यसअन्तर्गत वक्ता-श्रोता, सम्बोधक-सम्बोधित पर्दछन् ।*E* भनेको उद्देश्य हो र यसअन्तर्गत प्रयोजन वा परिणाम हुन्छ। त्यस्तै *A* भनेको कार्यानुक्रम हो र यसअन्तर्गत सङ्कथनको शृङ्खला वा घटनाक्रम पर्दछ। *K* भनेको शैली हो र यसअन्तर्गत सङ्कथनको तरिका वा समग्र पद्धतिलाई बुझाउँछ।*I* भनेको माध्यम वा साधन हो र यसअन्तर्गत लेख्य वा कथ्य पद्धतिका साथै साञ्चारिक माध्यमलाई प्रयोग गरिन्छ। *N* भनेको मानक हो र मानकले सङ्कथनका विधाका विशिष्ट मूल्य मान्यतालाई सङ्केत गर्दछ। त्यस्तै *G* भनेको विधा हो र यसले बोली अथवा सम्प्रेषणका सामाजिक सांस्कृतिक अभ्यासको संस्थागत रूप वा सङ्कथनलाई जनाउँछ । यसर्थ भाषिक प्रकार्य सन्दर्भताभन्दा बाहिर नरहेको फर्थ र हाइम्सको धारणा छ । सन्दर्भताकै आधारबाट नै पाठको अर्थ निर्धारण हुने हुँदा सन्दर्भता पाठमा सशक्त भएर आउँछ र यसकै आधारमा भाषिक प्रकार्य निर्धारण हुन्छ। भौतिक तथा सामाजिक जगत्सँग सन्दर्भता सम्बन्धित भएको हुन्छ र यसलाई विशिष्ट

रूपमा तीन प्रकारमा कटिङ (२००८, पृ. ५) ले प्रस्तुत गरेका छन्, ती हुन् : (क) परिस्थितिगत सन्दर्भ (ख) पूर्वज्ञानात्मक सन्दर्भ (ग) सह-पाठपरक सन्दर्भ । परिस्थितिगत सन्दर्भ वक्ताले आफ्नो वरिपरि के देख्छ र कस्तो जानकारी राख्छ भन्ने विषयसँग सम्बन्धित हुन्छ । यसले पाठको सम्बन्धित वातावरण/परिस्थितिलाई जनाउँछ । यसका क्षेत्र, सहभागी र पद्धति गरी तीन आयाम छन् (ह्यालिडे र हसन, १९९१, पृ. २४) । त्यस्तै पूर्वज्ञानात्मक सन्दर्भमा सहभागीले आपसमा जानकारी राख्ने सन्दर्भ स्थापित हुन्छ । समाज संस्कृति आदिबाट सहभागीमा पूर्वज्ञान स्थापित हुन्छ । पूर्वज्ञानात्मक सन्दर्भ पाठभन्दा बाहिर हुन्छ र सांस्कृतिक र अन्तरवैयक्तिक (इन्टरपर्सनल) हुन्छ (कटिङ, २००८, पृ. ६) । सांस्कृतिक सन्दर्भले गर्दा सहभागीहरूमा साझा ज्ञानको विकास हुन्छ र त्यसैअनुसार सहभागीको संज्ञानात्मक व्यवस्था विकसित भएको हुन्छ । सांस्कृतिक सन्दर्भ संस्थागत हुन्छ र वैचारिक आधारभूमि पाठलाई प्रदान गर्दछ (ह्यालिडे र हसन, १९९१, पृ. ४८) । सांस्कृतिक सन्दर्भताले अन्तरवैयक्तिक प्रकार्यमा पनि प्रभाव पार्दछ । अन्तरवैयक्तिक सन्दर्भको निर्धारण पूर्वकथन क्रियाका आधारमा हुन्छ र यो अन्तरवैयक्तिक ज्ञान पनि हो । पूर्वकथन क्रियाका आधारबाट प्राप्त भएको सहभागीको साझा ज्ञानलाई अन्तरवैयक्तिक ज्ञान भनिन्छ । त्यस्तै सहपाठपरक सन्दर्भ पाठभित्र नै निहित हुन्छ । निदर्शनले सहपाठपरक सन्दर्भ कायम गर्दछ । पाठमा परिस्थितिगत सन्दर्भ, पूर्वज्ञानात्मक सन्दर्भ र सहपाठपरक सन्दर्भको व्याख्या पूर्वधारणाका आधारमा हुन्छ । पाठमा भाषा र सन्दर्भताका आयामका विभिन्न तहहरू हुन्छन् । पाठलाई भाषिक प्रकार्यले सङ्गठित गर्दछ भने पाठको भाषिक प्रकार्य सन्दर्भपरक विन्यास व्यवस्थाबाट नियन्त्रित हुन्छ । सन्दर्भता र भाषिक अधिप्रकार्यलाई संस्कृति र विचारधाराले अधिशासित गर्दछ । जस्तै :




रेखा चित्र १ : पाठ र सन्दर्भता

माथिको रेखाचित्रमा सन्दर्भपरक अधिप्रकार्य र भाषिक अधिप्रकार्यलाई पाठपरक वातावरणका रूपमा देख्न सकिन्छ भने विधा र संस्कृतिलाई पाठपरक तत्त्वभन्दा माथि नै राखिएको छ । त्यसैले माथि उल्लेख गरिएका तीन प्रकारका अपेक्षामा (१) पाठपरक सन्दर्भ र (२) पाठेतर सन्दर्भ गरी दुई प्रकारमा पनि सन्दर्भको व्याख्या गर्न सकिन्छ ।

पाठमा विधालाई सन्देश, लेखक र वक्तालाई सम्प्रेषक र पाठक तथा स्रोतालाई सन्देश प्राप्त गर्ने/ग्रहणकर्ता

भन्न सकिन्छ । तिनीहरूको सम्बन्धबाट पाठको अर्थ निर्धारण हुन्छ । सन्देशलाई विभिन्न कोड वा संहिता र तरिकाले सम्प्रेषित गर्ने कार्य पाठमा गरिएको हुन्छ । पाठको यथार्थ सन्दर्भभन्दा फरक लेखकको आशय प्रकट गर्ने कार्य पनि पाठमा भएको हुन्छ । त्यस्तै अन्तरपाठपरक सन्दर्भलाई पनि पाठमा प्रस्तुत गरिएको हुन्छ । यस्तो सन्दर्भलाई वाङ्मय तथा मिथकहरूबाट पाठको अर्थसँग सन्दर्भित गरेर पाठको व्याख्या गर्न सकिन्छ । यसले पाठको प्रसङ्गलाई अन्य पाठसँग जोडेर हेर्ने आधार प्रदान गर्दछ र पाठको अन्तर्विषयक पठनको आधार प्रदान गर्दछ । त्यसैले सूक्ष्म रूपमा अवलोकन गर्दा पाठको संयुक्तिको निर्धारण गर्ने मूल आधार भनेको पाठेतर सन्दर्भ हो र यो सन्दर्भतासँग सम्बन्धित हुन्छ, किनभने प्रत्येक पाठको आफ्नो एउटा सन्दर्भता हुन्छ । सन्दर्भताभन्दा बाहिर पाठको व्याख्या हुन सक्दैन । पाठमा सन्दर्भता अन्तरसम्बन्धित भएर आएको हुन्छ । पाठमा अन्तरसम्बन्धित भएर आउने सन्दर्भतालाई ह्यालिडे र हसनले संस्कृति, विचारधारा, पूर्वधारणा, साझा ज्ञान, अन्तरपाठपरकतासँग अन्तरसम्बन्धित गरेका छन् :

**संस्कृतिः** यो विस्तृत र संस्थागत हुन्छ र यसैबाट नै पाठले वैचारिक धरातल प्राप्त गर्दछ । साझा ज्ञान र पूर्वज्ञानको आधार पनि संस्कृति नै हो । सांस्कृतिक सन्दर्भताभित्र रहेर नै सम्प्रेषणको प्रकार्य वक्ता वा लेखकले गर्दछ र स्रोता वा पाठकले पनि त्यसैअनुसार पाठलाई ग्रहण गर्दछ ।

**विचारधारा (आइडियोलोजी):** संस्कृति तथा पूर्वज्ञानले लेखक तथा पाठकको विचारधाराको विकास भएको हुन्छ र त्यसको प्रभाव पाठमा पनि पर्दछ । वक्ता तथा लेखकको विचारधाराका आधारमा पाठको अर्थ निर्धारण गर्न सकिन्छ ।

**अन्तर्पाठपरकता (इन्टर्टेक्स्चुआलिटी):** पाठको कुनै सन्दर्भलाई पाठबाहिरको अन्य पाठसँग सन्दर्भित गरी त्यस पाठको अर्थ निर्धारण गर्नु नै अन्तरपाठपरकता हो ।

**अन्तः पाठपरकता (इन्ट्राटेक्स्चुआलिटी):** पाठको प्रसङ्गलाई पाठकै प्रसङ्ग र पूर्वधारणाका आधारमा पाठको व्याख्या गर्नु अन्तः पाठपरकता हो । यस अन्तर्गत सन्दर्भपरक विन्यास व्यवस्था (क्षेत्र, सहभागी र माध्यम ) को पनि व्याख्या गर्न सकिन्छ ।

**अन्तर्वैयक्तिकता (इन्टरपर्सनल):** सम्बोधकको आशयलाई व्यक्त गर्ने सन्दर्भ अन्तर्वैयक्तिक सन्दर्भ हो । आशयको धार यस्तो सन्दर्भमा देख्न सकिन्छ ।

**पूर्वज्ञानः** पूर्वज्ञान पनि सांस्कृतिक नै हुन्छ तापनि परिस्थिति, काल, भूगोल, अध्ययन आदि कुराले लेखक र पाठकका बिचमा निश्चित पूर्वज्ञानको विकास भएको हुन्छ । यसकै आधारमा सहभागीले एक आपसमा साझा ज्ञानको जानकारी राख्दछन् र यसलाई पूर्वधारणा पनि भनिन्छ । पूर्वधारणाविना पाठको सन्दर्भपरक अर्थ प्राप्त गर्न सकिँदैन र संयुक्तिलाई पनि अध्ययन गर्न सकिँदैन । त्यसैले पाठको सन्दर्भ निर्धारणका लागि पूर्वधारणा महत्त्वपूर्ण तत्त्व हो ।

पाठमा सन्दर्भको आधारभूत व्याख्या पूर्वधारणाका आधारमा हुन्छ । पूर्वधारणालाई ह्यालिडे र हसनले सङ्कथनका संरचनात्मक भाषिक एकाइहरूको परस्पर सम्बन्ध र निर्भरताका आधारमा व्याख्या गरेका छन् । संरचनात्मक सम्बन्धमा पछिको एकाइले अघिको भाषिक एकाइको पूर्वधारणा बनाउँछ र पाठ विश्लेषणयोग्य बन्छ भन्ने ह्यालिडे र हसनको धारणा छ (ह्यालिडे र हसन, सन् १९७६, पृ. ८) । संसक्तिगत बन्धनमा

पूर्वधारणा आवश्यक हुन्छ र यसले नै निर्दिष्ट भाषिक एकाइका बिचमा सम्बन्ध कायम गर्दछ भन्ने कुरालाई ह्यालिडे र हसनले जोड दिएका छन् । पूर्वसन्दर्भका कुरालाई आधार मानी पाठको अर्थ ग्रहण गर्नका लागि उनीहरूले पूर्वधारणाको उल्लेख गरेका हुन् । पाठीय तत्त्वहरूमा अगाडि के कुरा भनिएको छ भन्ने आधारमा साझा ज्ञान र पूर्वधारणा बन्छ भन्ने यिनीहरूको धारणा रहेको पाइन्छ । पूर्वधारणालाई सङ्कथनको तार्किक संरचनाको विश्लेषणका लागि उपयोग गरिएको पाइन्छ । आधारभूत रूपमा अर्थविज्ञान र प्रयोगार्थ विज्ञानका आधारमा सङ्कथनमा आउने पूर्वधारणाको विश्लेषण गर्न सकिन्छ । पूर्वधारणाको व्याख्या पूर्वज्ञान, साझा धारणा र सामान्य ज्ञानका आधारमा हुन्छ । पाठको परिस्थितिगत सन्दर्भ, सांस्कृतिक सन्दर्भता र पाठपरक सन्दर्भताबाट नै वक्ता र स्रोता तथा लेखक र पाठकका बिचमा पूर्वधारणाको निर्माण हुन्छ । पूर्वधारणा सकारात्मक तथा नकारात्मक दुवै प्रकारका वाक्यमा सुरक्षित हुन्छ र वाक्यलाई तर्कपूर्ण ढङ्गले व्याख्या गर्ने आधार प्रदान गर्दछ (पाल्मर, १९८३, पृ.१६७) । पाठको अर्थ ग्रहण गर्नका लागि पूर्वधारणाको आवश्यकता पर्दछ । जस्तैः 'म सधैं बेलुका नेटमा बस्छु' भन्ने वाक्यमा इन्टरनेटको अर्थ बुझ्नेले यो कुनै 'जाली' हो भन्ने ठान्दैन । त्यसैले बाह्यसन्दर्भ, पूर्वज्ञान, सांस्कृतिक र अन्तर्वैयक्तिक सन्दर्भतासँग पूर्वधारणा सम्बन्धित हुन्छ । सङ्कथनका सहभागीमा वितरित साझा ज्ञानका आधारमा नै साझा पूर्वधारणाको विकास हुन्छ र साझा पूर्वधारणाले नै सङ्कथनको विषयलाई अघि बढाउँछ (ब्राउन र युले, १९८३, पृ.८०) । पूर्वधारणाका आधारमा सङ्कथनका सहभागीहरूले एक अर्कालाई राम्रोसँग चिन्दछन् ।

सङ्कथनका सहभागीहरूको साझा ज्ञान र साझा विश्वासबाट नै पूर्वधारणाको निर्माण हुन्छ । यो वक्ता र स्रोता (लेखक र पाठक)का बिचको साझा विश्वास हो । पूर्वधारणाको निर्माणका लागि उपयुक्त सर्तको आवश्यकता पर्दछ । यस्ता उपयुक्त सर्तका बारेमा फिलमोरले प्रथम पटक उल्लेख गरेको कुरालाई पाल्मर (१९८३, पृ. १७२) ले चर्चा गरेका छन् । वक्ताको चाहना, वक्ता र स्रोताको सम्बन्ध, क्षमता, तथ्यबोध जस्ता पूर्वधारणाका उपयुक्त सर्त हुन् (पाल्मर, १९८३, पृ.१७२) । कुनै पनि पाठमा वक्ताले नै साझा पूर्वधारणाको निर्माण गर्दछ र उसले स्रोताले पनि त्यस्तै ठान्दछ भन्ने विश्वास गर्दछ । वक्ता वा लेखक मात्र होइन स्रोता वा पाठक पनि वस्तु र व्यक्तिसँग परिचित भएको हुनुपर्छ र सङ्कथनका सहभागीका बिचमा साझा पूर्वधारणाको विकास भएको हुनुपर्छ । वस्तु र व्यक्ति परिचित भएनन् भने वा अस्तित्वमा आएनन् भने साझा पूर्वधारणा असफल भएको मानिन्छ र यसलाई सत्य मूल्यान्तर (ट्रुथ भ्याालु ग्याप) भनिन्छ (पाल्मर,१९८१, पृ.१६७) । त्यसैले सङ्कथनको अर्थबोधका लागि सङ्कथनका वस्तु र तथ्यहरू परिचित भएको हुनुपर्दछ । पूर्वधारणा पाठको पूर्वसन्दर्भ वा पाठीय तत्त्व, साझा ज्ञान, विचारधारा, सांस्कृतिक सन्दर्भता, पूर्वज्ञान, वक्ता र स्रोताको सम्बन्ध, वस्तु र तथ्यप्रतिको धारणाका आधारमा निर्धारित हुन्छ । त्यसैले पाठको संसक्ति र संयुक्तिको विश्लेषणमा पूर्वधारणालाई सैद्धान्तिक रूपमा स्वीकार गर्न सकिन्छ । बाह्य सन्दर्भलाई बुझ्न पनि पूर्वधारणा अत्यावश्यक पर्दछ र यसकै आधारमा पाठलाई व्याख्येय बनाउन सकिन्छ । पाठका सम्बन्धमा बाह्य सन्दर्भ पाठपरक सन्दर्भमा संश्लिष्ट भएर प्रयुक्त भएको हुन्छ । त्यसैले पाठपरक सन्दर्भ र बाह्य सन्दर्भलाई निरपेक्ष रूपमा व्याख्या गर्न सकिँदैन । सांस्कृतिक सन्दर्भ, विधागत सङ्गठन, पाठीय सन्दर्भ र भाषिक गठन प्रक्रियालाई अन्तर्सम्बन्धित भएका हुन्छन्, जसबाट एउटा सङ्कथनले विधाको अस्तित्व प्राप्त गर्दछ ।

## पाठपरक सन्दर्भ

ह्यालिडेकी सहकर्मी रुकैया हसनले परिस्थितिगत सन्दर्भका तीन आयाम (क्षेत्र, सहभागी र पद्धति) लाई सन्दर्भपरक विन्यासका रूपमा व्याख्या गरेकी छन् । यसलाई ह्यालिडेले परिस्थितिगत सन्दर्भका रूपमा व्याख्या गरेका छन् । ह्यालिडेको परिस्थितिगत सन्दर्भको धारणालाई हसनले विस्तार गरेकी हुन् । यसअन्तर्गत पाठको संरचना र स्वरूपलाई प्रभाव पार्ने सन्दर्भपरक आयामका रूपमा क्षेत्र, सहभागी र पद्धति वा माध्यम पर्दछन् । ह्यालिडेले भाषांशमा विचारात्मक, अन्तर्वैयक्तिक र पाठपरक अर्थहरू आउँछन् र यसबाट नै पाठमा भाषाको अधिप्रकार्य (मेटाफङ्सन) स्थापित हुन्छ भनेर भनेका छन् (ह्यालिडे, १९८५, पृ. XII) । सन्दर्भपरक आयाम पाठमा आउने विचारात्मक (आइडियसनल), अन्तरवैयक्तिक (इन्टर्पर्सनल) र पाठपरक (टेक्स्चुअल) अर्थसँग सहसम्बन्धित हुन्छ (इगिन्स र मार्टिन,१९९७, पृ.२३३) । यसबाट के प्रस्ट हुन्छ भने पाठले एकै पटक धेरै अर्थ व्यक्त गरिरहेको हुन्छ । विचारात्मक अर्थात् आनुभविक र तार्किक प्रकार्यले विचार तथा अनुभवको सम्प्रेषण गर्ने र तिनलाई तार्किक क्रममा जोड्दछ । यसअन्तर्गत भाषाका प्रयोक्ताले बाह्य जगत्बाट प्राप्त गरेका सत्य अनुभव तथा विचारलाई भाषामा प्रयोग गरेको हुन्छ र यसमा अवस्था, प्रक्रिया, ठाउँ, व्यक्ति, वस्तु, स्थान, कारणहरू पाठमा उद्घाटित भएका हुन्छन् । त्यस्तै अन्तरवैयक्तिक प्रकार्यले वक्ताको सोँचलाई प्रस्तुत गरी कार्य सम्पादन गर्ने हुँदा यसले वक्ताको आशय वा भावलाई प्रस्तुत गरेको हुन्छ (बन्धु,२०५३, पृ.११२) । त्यस्तै अन्तर्वैयक्तिक प्रकार्यले वक्ताको दृष्टिकोणलाई पनि प्रकट गरेको हुन्छ । जब अन्तर्क्रियात्मक अवस्थामा भाषा अभिव्यक्त हुन्छ तब त्यसले अन्तर्वैयक्तिक प्रकार्य सम्पन्न गर्दछ । पाठका सहभागीहरूको अन्तर्क्रियामा सम्बोधकको आशय अन्तर्वैयक्तिक प्रकार्यमा उद्घाटित हुन्छ भने पाठपरक प्रकार्यमा संयुक्ति र संसक्ति व्यवस्थाका साथै पाठीय तत्त्वका आधारमा पाठको अर्थ निर्धारण हुन्छ । त्यसैले पाठपरक अर्थको निर्धारणका लागि आनुभविक र अन्तर्वैयक्तिक अर्थको शृङ्खलालाई बुझ्नु आवश्यक हुन्छ । कुनै पनि सन्देशको सम्प्रेषणका लागि भाषिक प्रकार्य र सन्दर्भको प्रकार्यलाई ह्यालिडे र हसनले निकै महत्त्व दिएका छन् । सांस्कृतिक तथा सामाजिक सन्दर्भ, पाठको परिस्थितिगत सन्दर्भ, सहभागीको भूमिका, भाषा प्रयोग, कथन र अकथन क्रिया आदिका आधारमा पाठपरक अर्थ निर्धारण गरिन्छ । अतः पाठपरक अर्थ विधा सङ्गठन, सूचना सङ्गठन, भाषिक सङ्गठन र सन्दर्भको सङ्गठनबाट प्राप्त गर्न सकिन्छ ।

सामाजिक सन्दर्भले पाठको भाषालाई प्रभाव पार्दछ । कुनै पनि पाठको भाषांशलाई सन्दर्भताका विविध आयामले प्रभाव पारिरहेको हुन्छ । पाठको भाषिक प्रयोगमा देखिने विविधतालाई प्रयुक्ति भेद (रजिस्टर) भनिन्छ । शक्ति, सत्ता, दूरता, नम्रता, निकटता, औपचारिकता अनौपचारिकता जस्ता कुराले भाषामा प्रयुक्ति भेद देखिन्छ । त्यस्तै विधा (जान्र) ले पाठको स्वरूपलाई निर्धारण गर्दछ । विधा सिद्धान्तमा पाठले सांस्कृतिक सन्दर्भमा विभिन्न तरिका, माध्यम, तह र चरणमा रहेर विभिन्न कार्य गर्दछ भन्ने कुरा दर्साउँछ (इगिन्स र मार्टिन, १९९७, पृ. २३६) । सामाजिक सन्दर्भले प्रयुक्तिगत विविधता उत्पन्न गर्दछ र प्रयुक्तिगत विविधताले पाठको आकार लिएपछि त्यो विधा बन्दछ । सन्दर्भपरक विन्यास व्यवस्थासँग विधा र प्रयुक्तिको सहसम्बन्ध हुन्छ । कुनै पनि विधामा सन्दर्भको विश्लेषणका विभिन्न तहहरू हुन्छन् भन्ने कुरालाई ह्यालिडे र हसन (१९७६, पृ. २६) र ह्यालिडे र हसन (१९९१, पृ.४५) ले प्रस्ट पारेका छन् र यस सम्बन्धलाई इगिन्स र मार्टिनले यसरी देखाएका छन्:

## सन्दर्भको तहगत सम्बन्ध

| अधिप्रकार्य (भाषिक सङ्गठन) | प्रयुक्ति (सन्दर्भताको सङ्गठन) |
|---|---|
| आनुभविक या विचारात्मक अर्थ (कथ्य निर्माणको स्रोत) | क्षेत्र (सामाजिक गतिविधि) |
| अन्तर्वैयक्तिक अर्थ (अन्तर्क्रियाको स्रोत) | सहभागी (भूमिकामूलक संरचना) |
| पाठपरक अर्थ (पाठ सङ्गठनको स्रोत) | पद्धति/तरिका (चिह्न व्यवस्थाको सङ्गठन, सङ्केतपरक) |

*स्रोत : इगिन्स र मार्टिन, १९९७, पृ.२३९*

सन्दर्भता नै प्रयुक्ति र विधा सिद्धान्तको केन्द्रीय विषय हो र सन्दर्भतालाई सङ्गठित गर्ने युक्तिहरू क्षेत्र (फिल्ड) सहभागी (टेनर) र पद्धति (तरिका वा माध्यम) हुन् । सन्दर्भताका यी आयामहरूलाई ह्यालिडेले परिस्थिति सन्दर्भ (कन्टेक्स्ट् अफ सिचुएसन) भनेका छन् र यसलाई अन्तःपाठपरक वातावरणका रूपमा लिएका छन् भने सांस्कृतिक सन्दर्भलाई व्यापक संस्थागत सांस्कृतिक वातावरणका रूपमा लिएका छन्। ह्यालिडेकी सहकर्मी हसनले सन्दर्भपरक विन्यास व्यवस्थाका रूपमा क्षेत्र, सहभागी र पद्धतिको व्याख्या गरी यसलाई पाठको संरचना र विधा (जान्र) सँग सम्बन्धित भएको कुरालाई प्रस्ट पारिन्। यदि निश्चित सन्दर्भमा पाठले प्रकार्य गरेको छ भने त्यसको संरचनात्मक एकत्वका लागि सन्दर्भगत विन्यास व्यवस्थाले केन्द्रीय भूमिका खेल्छ भन्ने कुरालाई हसनले जोड दिएकी छन् (ह्यालिडे र हसन,१९९१, पृ.५६)। यस प्रकार पाठमा संयुक्ति स्थापना गर्ने मुख्य आयामअन्तर्गत क्षेत्र, सहभागी र पद्धतिका विषयमा गहन अध्ययन ह्यालिडे र हसनबाट नै भएको पाइन्छ।

### क्षेत्र (Field)

पाठमा के विषयवस्तु दर्साइएको छ वा पाठमा के भइरहेको छ भन्ने कुरालाई क्षेत्र (फिल्ड) ले जनाउँछ (ह्यालिडे र हसन,१९९१, पृ.१२)। यसले के विषयमा सहभागी सक्रिय छन् भन्ने कुरालाई जनाउँछ। क्षेत्र सामाजिक व्यवहारको प्रकृतिसँग सम्बन्धित छ र यसले सहभागीहरूको कार्यलाई जनाउँछ। क्षेत्रका आधारमा नै पाठमा सहभागीले प्रयोग गर्ने भाषिक एकाइहहरूको चयन हुन्छ । अन्तर्पाठपरक सन्दर्भ तथा अन्य सन्दर्भ र पाठबाट अर्थको अनुमान लगाउने कार्य पनि क्षेत्रकै विषय हो (इगिन्स र मार्टिन, १९९७, पृ.२३३) । सामान्यतः क्षेत्रले पाठको विषयवस्तु (के ?) लाई जनाउँछ । भाषाको अधिप्रकार्यअन्तर्गत विचारात्मक प्रकार्यसँग क्षेत्रको अन्तःसम्बन्ध रहेको हुन्छ । सहभागीहरूको विषयगत प्रयोजनसँग पनि क्षेत्र सम्बन्धित हुन्छ। कथाका सम्बन्धमा क्षेत्रले कथाको विषय, तथ्य, विचार, परिवेश, समय आदिलाई बुझाउँछ।

### सहभागी (Tenure)

सहभागी सन्बन्धले वक्ता र स्रोताका बिचको सम्बन्धलाई जनाउँछ। सहभागीहरूको भूमिका, तह र सम्बन्धलाई सहभागी सम्बन्धले व्यक्त गर्दछ (ह्यालिडे र हसन, १९९१, पृ.१२) । सहभागीको सामाजिक हैसियत र त्यसले भाषिक क्रियामा पार्ने प्रभावलाई यसअन्तर्गत अध्ययन गर्न सकिन्छ। हसनले सामाजिक व्यवहार संस्थागत विषय भएको हुँदा सहभागीको भूमिकालाई *कर्ता भूमिका* (एजेन्ट रोल) पनि भनेकी छन् (ह्यालिडे र हसन, १९९१, पृ. ५६) । सहभागीको आपसी सम्बन्ध तहगत, समान, मित्रवत्, सामान्य परिचयात्मक र निरपेक्ष किसिमले पाठमा

आउन सक्छ र यसलाई सामाजिक सन्दर्भले प्रभाव पारिरहेको हुन्छ। त्यसैले सहभागीको भूमिका निर्धारण भनेको सामाजिक सन्दर्भबाट व्यक्त हुने विषय हो। विस्तृत सामाजिक सन्दर्भसँग नै व्यक्तिको जीवनपृष्ठ सम्बन्धित हुन्छ र यसलाई सामजिक दुरी भन्न सकिन्छ (ह्यालिडे र हसन, १९९१, पृ. ५०। सहभागीको सामाजिक दुरीले सम्प्रेषण र कोड (संहिता) मा समेत प्रभाव पर्दछ। भाषाको अन्तरवैयक्तिक प्रकार्यसँग सन्दर्भका तहमा सहभागीको भूमिका निर्धारण हुन्छ।

समाख्यानात्मक विधामा सहभागीको भूमिकालाई निकै महत्त्व दिइन्छ। सहभागीको व्यक्तित्व, हेतुत्व, सहभागीको परिस्थिति, सहभागीको संवाद क्रिया आदिका आधारमा सङ्कथनमा सहभागीको आशयलाई पत्ता लगाउन सकिन्छ। सहभागीका बिचमा हुने *संवाद क्रिया*मा सहभागीको आशय समेत अन्तर्निहित भएर आएको हुन्छ। कथामा सहभागीका संवादात्मक तथा मनोवादात्मक अंशमा पटक पटक दोहोरिएर कथाको आशय मुखरित भएको हुन्छ। कथाको आशय भनेको नै कथामा बारम्बार दोहोरिएर आउने घटना, तथ्य, सन्दर्भ र कथाको सूत्र हो (अब्राम्स, २००५, पृ. १७७)। कथामा यस्तो आशयको सूत्र सहभागीको भूमिकाबाट निर्दिष्ट हुन्छ। सहभागीको संवाद क्रियाको अध्ययनबाट अमूर्त आशयको निर्क्योल गर्न सकिन्छ। सहभागीको संवाद क्रियामा *प्रारम्भ, प्रतिउत्तर* अनि *समाधान*का चालहरू हुन सक्छन्। संवाद क्रियाका निकटस्थ युग्मको परीक्षणबाट प्रारम्भ चालमा विषयप्रवेश, प्रतिउत्तरात्मक चालमा आशय र समाधानात्मक चालमा सहभागीका आशयको टुङ्गो लाग्दछ र त्यो टुङ्गो सकारात्मक तथा नकारात्मक दुवै हुन सक्छ।

सहभागीका बिच हुने संवाद क्रियाको अध्ययनका लागि *पालो ग्रहण* व्यवस्थालाई पनि महत्त्वपूर्ण पक्ष मानिन्छ। सहभागीहरू एकपछि अर्को गर्दै कुरा राख्दै जाने एउटा ढाँचा नै बनेको हुन्छ। त्यस ढाँचा वा क्रमको व्याख्या पालो ग्रहण व्यवस्थामा गर्न सकिन्छ। वक्ता र स्रोताका बिच हुने संवादको वितरणको निश्चित क्रम निर्धारित हुन्छ र यस क्रममा संवादको आशय पनि प्रकट हुन्छ। कुनै पनि संवादमा एकैपटक सहभागी बोल्दैन। चालु अवस्थामा बोल्ने वक्ताले पालोको निर्माण गरिदिन्छ। चालु अवस्थामा रहेको वक्ताले दोस्रो वक्ताको चयन गर्ने अथवा धारणा अथवा प्रतिउत्तरको अपेक्षा सहित स्रोता चयन नगरी खुला रूपमा अन्यलाई पालो दिन पनि सक्दछ (मेई, २००१, पृ. १३९)। दोस्रो वक्ताको चयन र संवाद क्रियाको निरन्तरताका लागि संवादमा विभिन्न सङ्क्रमण स्थलहरू बन्दछन् (मेई, २००१, पृ. १३९)। यस्ता स्थलबाट नै दोस्रो वक्ताले पालो पाउँछ। संवादमा पालो ग्रहण सिद्धान्तले सहभागीका बिच हुने कुराकानीको नियमितताको निर्धारण गर्दछ। संवादमा अतिक्रमण र हस्तक्षेपको प्रयोग पनि भइ नै रहन्छ। संवादमा पुरा वाक्यको प्रयोगभन्दा पनि असमापक, निपात, विस्मयादिबोधक आदिबाट पनि कथन क्रिया आशयपूर्ण बन्दछ र दोस्रो वक्ताले पालो पाउँछ। संवादमा आउने असमापक चिह्नकले पनि पूर्ण वाक्य सरह कार्य गर्दछन् र कतिपय अन्त्यबोधक शब्दहरूको प्रयोगबाट सहभागीले अरू कुरा बोल्न नचाएको पनि देखिन्छ। हाउभाउ, स्थिरता, भाषिक व्यवहार, पृष्ठपोषण, निकटस्थ युग्ममा आएका संवादको अध्ययनले सहभागीको भूमिका, आशय र हेतुत्व पत्ता लगाई पाठमा प्रयुक्त संवाद क्रियाको आशय पत्ता लगाउन सकिन्छ।

## पद्धति (Mode)

भाषाको कस्तो स्वरूपले पाठमा कस्तो भूमिका खेलिरहेको छ भन्ने कुरा पद्धति (मोड) को विषय हो। पाठको फरक फरक सन्दर्भमा सहभागीले कुनै प्रयोजनका लागि कस्तो प्रकारको भाषाको प्रयोग गरेको छ भन्ने कुरालाई यस अन्तर्गत हेरिन्छ। पद्धति वा माध्यममा भाषाको लेख्य, कथ्य, सरणि (फोनिक, ग्राफिक, हाउभाउ जस्ता च्यानल),

भाषाको आलङ्कारिक प्रयोग (रेटोरिक मोड), सङ्केत व्यवस्थाका साथै कारणात्मक, प्रदर्शनात्मक, उपदेशात्मक जस्ता भाषांश पद्धतिगत भूमिकाका रूपमा पाठमा उपस्थित भएका हुन्छन् (ह्यालिडे र हसन, १९९१, पृ. १२) । कथ्य र लेख्य भाषिक प्रयुक्तिमा पद्धतिको/तरिकाको भिन्नता देखिन्छ । कथ्यमा व्यक्तिवाचक निदर्शनको कमी, नामीकृत शब्द भण्डारको अधिकता, घटनावाचक क्रिया (एक्सन भर्व) को कमी, जटिल नाम पदावली व्यवस्था हुन्छ (इगिन्स र मार्टिन, १९९७, पृ. २३३) । तर, लेख्यमा सम्बोधक र सम्बोधितको सम्बन्ध तथा विधा अनुसार भाषाको पद्धतिगत स्थितिको अध्ययन गरिन्छ । अतः पद्धतिले आनुभविक तथा विचारात्मक प्रकार्य र अन्तरवैयक्तिक प्रकार्यसँग सम्बन्ध कायम गरी पाठपरक प्रकार्य सम्पन्न गर्दछ ।

हसनले पद्धतिलाई विभिन्न उपशीर्षकमा विभाजन गरेर हेरेका छन् । उनले भाषिक भूमिका, साझेदारी (प्रोसेस सेयरिङ) र माध्यम (मिडियम) गरी पद्धति/तरिका (मोड) लाई हेरेका छन् (ह्यालिडे र हसन, १९९१, पृ. ५८) । भाषाको भूमिका पाठको प्रयोजनसित सम्बन्धित हुने या भाषिक घटकको अङ्ग हुने स्थिति हो र यो पनि पद्धतिकै एउटा पक्ष हो । त्यस्तै साझेदारी भनेको पाठमा पाठक या सम्बोधित पक्ष कसरी उपस्थित हुन्छ भन्ने हो । खास गरेर ध्वनिक, गैरभाषिक तथा लेखिमिक सरणिबाट लेखक/वक्ताको सन्देशलाई स्रोता या पाठकले ग्रहण गर्न पुग्दछ । च्यानल वा सरणिको सम्बन्ध स्रोता वा पाठकसँग हुने भएकाले यो स्रोता वा पाठककेन्द्री विषय हो । लेख्य र कथ्य पद्धतिबाट कुनै कुरा बताइएको छ भने त्यसलाई माध्यम भनिएको पाइन्छ । समग्रमा पाठमा भाषिक प्रयोगको युक्ति या तरिका नै पद्धति हो र यसले नै सन्देशलाई पाठकसम्म/स्रोतासम्म सम्प्रेषण गर्दछ ।

## निष्कर्ष

बाह्य सन्दर्भले पाठको कथ्यलाई व्याख्या गरी लेखक र पाठकको साझा ज्ञानका आधारमा अर्थ निर्धारण गर्दछ र यो पाठेतर तत्त्वका रूपमा आउँछ अनि यो सांस्कृतिक अभ्यासकै रूपमा विशेष गरी व्याख्येय बन्दछ । त्यस्तै पाठमा प्रकट हुन आउने पाठीय सन्दर्भका तीन आयाम छन् जसलाई परिस्थितिगत सन्दर्भ वा सन्दर्भपरक विन्यास व्यवस्था भनिन्छ । ह्यालिडे र हसनका अनुसार सन्दर्भपरक विन्यास व्यवस्था यस प्रकार छन्- *(क) क्षेत्र (ख) सहभागी (ग) माध्यम वा पद्धति* । क्षेत्रअन्तर्गत विषय, घटना, सामाजिक प्रकार्य, सहभागीको कार्य/कर्म विचारात्मक प्रकार्य पर्दछन् । त्यस्तै सहभागी अन्तर्गत वक्ता र स्रोताको सम्बन्ध, सामाजिक हैसियत र प्रकृति, स्तर, भूमिका र सामाजिक दुरी, सहभागीको क्रियाव्यापार, आशय आदि पर्दछन् भने पद्धतिअन्तर्गत भाषाको साङ्केतिक सङ्गठन, आलङ्कारिक प्रयोग, भाषिक भूमिका, सरणि (च्यानल) अनि माध्यम वा सञ्जाल पर्दछन् । क्षेत्र, सहभागी र पद्धतिले सन्दर्भतालाई सङ्गठित गर्दछन् वा सन्दर्भताको अधिप्रकार्य पुरा गर्दछन् । क्षेत्र, सहभागी र पद्धतिले गर्ने अधिप्रकार्यबाट पाठले विधाको स्वरूप लिन्छ । विधाको निश्चित स्वरूपभित्र सन्दर्भ र भाषाको अधिप्रकार्य सम्पन्न हुन पुग्छ र पाठले निश्चित सन्देश अथवा अर्थ सम्प्रेषण गर्दछ । भीषिक प्रकार्यका तहमा क्षेत्रले विचारात्मक (कर्मत्व), सहभागीले अन्तर्वैयक्तिक (मुड या आशय) र पद्धति (मोड) ले पाठपरक अधिप्रकार्य सम्पन्न गर्दछन् । पद्धतिले पाठको सारलाई व्यक्त गर्ने उपाय र पद्धतिलाई जनाउँछ । त्यसैले क्षेत्र, सहभागी र पद्धतिले भाषिक अधिप्रकार्य र सन्दर्भपरक अधिप्रकार्यसँग सम्बन्धन कायम गरी पाठलाई सङ्गठित तुल्याउँछन् । पाठ एउटा विधा पनि हो, यो एउटा सङ्कथन पनि हो र प्रत्येक पाठमा विषयवस्तु, विचार, स्वर र शैली निहित भएका हुन्छन् । यी चार पक्ष कुनै पनि विधाका पाठीय र पाठेतर सन्दर्भमा स्वाभाविक रूपमा नै घुलमिल भएर रहेका हुन्छन् । त्यसैले विधामा सन्दर्भ र पाठ एकै पटक आउने हुँदा यसको सन्दर्भपरक प्रकार्य नै सङ्कथनको अर्थ निर्धारणको प्रमुख आधार हो ।

## सन्दर्भ सामग्रीहरू


अब्राम्स, एम. एच. (सन् २००५), *अ ग्लोसरी अफ लिटरेरी टर्म्स* (आठौँ संस्क.), यु.के, अस्ट्रेलिया, यु.एस.ए., सिङ्गापुर : थम्सन वार्डस्वर्थ ।

इगिन्स, सुजेना र मार्टिन, जे.आर. (१९९७), जान्रज् एण्ड रजिस्टर्स अफ डिस्कोर्स, *डिस्कोर्स एज स्ट्रक्चर्स एन्ड प्रसेस,* सम्पा. टेअन ए.भान डाइक, लन्डन : सेग पब्लिकेसन्स ।

कटिङ, जोहन (२००८), *प्राग्मेटिक्स एन्ड डिस्कोर्स* (दोस्रो संस्क.), लन्डन र न्युयोर्क : रुटलेज ।

गौतम, देवीप्रसाद (२०६८), 'सङ्कथन विश्लेषण', *रत्न बृहत् समालोचना* (सैद्धान्तिक खण्ड), सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ढकाल, दीपकप्रसाद (२०८४/सन् २०२१), 'पाठको संयुक्तिगत अर्थ विश्लेषणको सैद्धान्तिक स्वरू', *प्रज्ञा दर्शन,* ६(१), पृ.३०-३५ ।

न्यौपाने, भुवन (२०६९), *विश्वेश्वरप्रसाद कोइरालाका कथामा सम्बन्धन व्यवस्था,* अप्रकाशित दर्शनाचार्य शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय ।

पाल्मर, एफ.आर (१९८१), *सिम्यान्टिक्स* (दोस्रो.संस्क.), न्यु योर्क, अस्ट्रेलिया : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

पौड्याल, परशुराम (२०६५), *कथाको रूपविन्यास : सिद्धान्त र विवेचना,* काठमाडौँ : बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

मेई, ज्याकोब एल. (सन् २००१), *प्राग्म्याटिक्स* (दोस्रो संस्क.), मासाचुसेट्स र अक्सफोर्ड : ब्ल्याकवेल पब्लिसर्स ।

बन्धु, चूडामणि, (२०५३), *भाषाविज्ञानका सम्प्रदाय,* काठमाडौँ : अक्षर सदन ।

ब्राउन, गिलियन र युले, जर्ज, (१९८३), *डिस्कोर्स एनलाइसिस,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लक, टेरी (२००४), *क्रिटिकल डिस्कोर्स एनालाइसिस,* लन्डन र न्युयोर्क : कन्टिनम ।

लेभिन्सन, स्टेफेन सी. (१९८३), *प्राग्मेटिक्स,* क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ह्यालिडे, एम.ए.के र रुकैया, हसन (१९७६), *कोहेजन इन इङ्गलिस,* लन्डन : लङ्गमेन ।

ह्यालिडे, एम.ए.के र रुकैया, हसन (१९९१), *याङ्ग्वेज कन्टेक्स्ट एन्ड टेक्स्ट: एस्पेक्ट्स अफ ल्याङ्ग्वेज इन अ सोसल सिमियोटिक पर्सपेक्टिभ,* (दोस्रो संस्क.), अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।